# संघीय संसद
# राष्ट्रिय सभा

सातौं अधिवेशन

बैठक - १

२०७७ पुस १७ गते शुक्रबार

अपराह्न ४:०० बजे

## दैनिक कार्यसूची

### राष्ट्रपतिको पत्र

१. सम्माननीय अध्यक्षले अधिवेशन आह्वान सम्बन्धी सम्माननीय राष्ट्रपतिबाट प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु हुने।

### राष्ट्रपतिको कार्यालयको पत्र

२. सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् पुनर्गठन सम्बन्धी पत्र पढेर सुनाउनु हुने ।

### समिति गठन आदेश

३. सम्माननीय अध्यक्षबाट जारी भएको राष्ट्रिय सभाका समितिहरुको गठन सम्बन्धी आदेश, २०७७ सभाबाट अनुमोदनको लागि पेश हुने।

### अधिवेशन प्रारम्भका अवसरमा मन्तव्य

४. अधिवेशन प्रारम्भको अवसरमा संसदीय दलका नेताहरुले मन्तव्य राख्नुहुने ।

### अध्यादेश

५. सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुहुने।

६. माननीय गृहमन्त्री रामबहादुर थापाले:-

क) "तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७" पेश गर्नुहुने।

ख) "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुहुने।

ग) "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुहुने।

७. माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयेश त्रिपाठीले "औषधी (तेस्रो संशोधन) अध्यादेश, २०७७" पेश गर्नुहुने।

८. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री लिलानाथ श्रेष्ठले:-

क) "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७७" पेश गर्नुहुने ।

ख) "फौजदारी कसुर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७७" पेश गर्नुहुने ।

### शोक प्रस्ताव

९. सम्माननीय अध्यक्षले प्रतिनिधि सभा सदस्यद्वय सानु सिवा र सूर्यबहादुर के. सी., राष्ट्रिय सभाका पूर्व सदस्यत्रय मे. दिपकबहादुर गुरुङ, इन्द्रहाङ्ग लिम्बू र प्रा. डा. राममान श्रेष्ठ, संविधानसभाका पूर्व सदस्यद्वय भिम प्रसाद गौतम र मानपुर चौधरी, प्रतिनिधि सभाका पूर्व सदस्य ओमकारप्रसाद गौचन र वीर बहादुर लामा एवं २०६३/०६४ को अन्तरिम व्यवस्थापिका संसदका पूर्व सदस्य कमानसिं लामाको निधनमा शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुने ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव